मैलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

कार्यपालिका वैठकका प्रस्तावहरु (२०७९ जेठ १६ गते सोमबार)

प्रस्ताव नं. १ : स्वागत र बधाई तथा वैठक संचालन प्रक्रियाको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. २ : नगर प्रमुख र उपप्रमुखले पद बहाली गर्दा गरेका निर्णयको अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : सचिवालय गठन सम्बन्धमा।

प्रस्ताव नं. ४ : रिड नेपालको कार्यक्रम पूर्व स्वीकृति सम्बन्धमा।

प्रस्ताव नं. ५ योजनाहरुको म्याद थपका लागि कार्यदल गठन सम्बन्धमा।

प्रस्ताव नं. ६ : बजेट तर्जुमा प्रक्रिया र विषयगत समिति गठन प्रक्रिया एवं जन प्रतिनिधिहरुले पाउने सेवा सुविधाका वारेमा जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ७: कर्मचारी तथा जनप्रतिनिधिहरुबीच परिचयात्मक कार्यक्रम सम्बन्धमा।

प्रस्ताव नं. ८ : नगर उपप्रमुखज्यू र उपप्रमुखज्यूबाट निर्देशन सम्बन्धमा।

मैलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

वैठक संख्या : १ (प्रथम वैठक)

## निर्णयहरु

निर्णय नं. १ : मिति २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट मेलम्ची नगरपालिकामा निर्वाचित भई आउनु भएका नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य र कार्यपालिका सदस्यज्यूहरुलाई हार्दिक स्वागत एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो। साथै, प्रमुख प्रशासकीय अधिकृतज्यूबाट नगर प्रमुखज्यू, उपप्रमुखज्यू लगायत सम्पूर्ण कार्यापालिका सदस्यज्यूहरुलाई वैठक संचालन प्रक्रियाको बारेमा जानकारी गराइयो।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाका नगर प्रमुखज्यू र उपप्रमुखज्यूबाट मिति २०७९ जेठ ६ गते पद बहाली कार्यक्रममा गरिएका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

१ .मेलम्ची नगरपालिका भित्र अध्ययन गर्ने गरिब एवं जेहेन्दार ५ जना विद्यार्थीहरुलाई नगर भित्रको प्राविधिक विद्यालयमा नगरपालिकाको खर्चमा ईन्जिनियरिङ तर्फ कक्षा १२ सम्म र २ जना विद्यार्थीलाई कृषि प्राविधिक शिक्षा (डिप्लोमासम्म) मेलम्ची नगरपालिकाको नगर प्रमुख छात्रवृत्ति कोषबाट खर्च हुने गरी निशुल्क अध्ययन गराउने।

२. मेलम्ची नगरपालिका भित्रका गर्भवती एवं सुत्केरी हुने महिलाहरुको लागि सम्बन्धित व्यक्तिको घर देखि बर्थिङ सेन्टरसम्म आउने जाने र मेलम्ची नगरपालिकाको बर्थिङ सेन्टरबाट काठमाडौं लगायतका अन्य अस्पतालसम्म रिफर गरेको खण्डमा लाग्ने एम्बुलेन्स खर्च सुत्केरी एम्बुलेन्स एकतर्फी सेवा तथा जटिलता सिफारिसमा प्रेषण सेवा शिर्षकबाट खर्च बेहोर्ने।

निर्णय नं. ३ : मेलम्ची नगरपालिकाका नगर प्रमुखज्यूको सचिवालयको कार्य गर्नको लागि मेलम्ची नगरपालिकाबाट जारी भएको कर्मचारी व्यवस्थापन ऐन, २०७६ को दफा ११ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम नगर प्रमुखज्यू र उपप्रमुखज्यूको सचिवालयको कार्य गर्नको लागि सहायक चौथो तहले पाए सरहको सेवा सुविधा प्राप्त गर्ने गरी क्रमश: मेलम्ची नगरपालिका वडा नं. ९ स्थायी निवासी श्री मानकाजी तामाङ र मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निवासी श्री अम्बिका डोटेललाई करार सेवामा नियूक्ति गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : रिड नेपालबाट कार्यक्रम स्वीकृतिको लागि अनुरोध भई आएको हुँदा आगामी नगर सभामा बजेट तथा कार्यक्रम पेश गर्ने गरी हाललाई कार्यक्रम संचालनका लागि पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५ : मेलम्ची नगरपालिका भित्र संचालन भएका विभिन्न योजनाहरुको म्याद थपको लागि निवेदन प्राप्त भएको हुँदा उक्त सम्बन्धमा मेलम्ची नगरपालिकाका उपप्रमुख श्री उमा प्रधानज्यूको संयोजकत्वमा देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो । साथै उक्त कार्यदलले आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने र सोको आधारमा म्याद थप प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

१. उपप्रमुख श्री उमा प्रधान – संयोजक
२. वडा अध्यक्ष श्री जित बहादुर तामाङ – सदस्य
३. वडा अध्यक्ष श्री किरणदीप खड्का – सदस्य
४. वडा अध्यक्ष श्री अमृत खनाल – सदस्य
५. वडा अध्यक्ष श्री श्रीराम घोरासैनी – सदस्य
६. ई. श्री राजु दंगाल – सदस्य
७. शाखा अधिकृत श्री राम कुमार के.सी. – सदस्य सचिव

निर्णय नं. ६ : मेलम्ची नगरपालिकाका निर्वाचित सम्पूर्ण जनप्रतिनिधिज्यूहरुलाई बजेट तर्जुमा प्रक्रिया, वियषगत समिति गठन प्रक्रिया र जनप्रतिनिधिज्यूहरुले कानून बमोजिम प्राप्त गर्ने सेवा सुविधाको बारेमा प्रमुख प्रशासकीय अधिकृतज्यू र लेखा अधिकृतज्यूबाट जानकारी गराइयो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाका निर्वाचित सम्पूर्ण जनप्रतिनिधिज्यूहरु र नगरपालिकामा कार्यरत कर्मचारीहरुबीच परिचयात्मक कार्यक्रम एवं शाखाबाट सम्पादन गर्नुपर्ने कार्यहरुको बारेमा सम्बन्धित शाखा प्रमुखहरुबाट जानकारी गराइयो ।

निर्णय नं. ८ : मेलम्ची नगरपालिकाका निर्वाचित नगर प्रमुख र उपप्रमुखज्यूबाट सबै सेवाग्राहीहरुलाई नगरपालिकाबाट प्रदान गर्ने सेवाहरु सरल र सहज ढंगबाट प्रदान गर्न निर्देशन प्राप्त भयो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल